# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुचि–१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ. ब. २०८१/८२ को तेस्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०८१ माघ, फाल्गुण र चैत्र)

(मिति २०८२/०१/२९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित)

### १. वित्तीय विवरण :

क. आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धि हिसाब विवरण धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारीका लागि प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरुः

१. प्रति शेयर आम्दानी : रु. ३२.०८
२. पी. ई. अनुपात : ३७.२८
३. प्रति शेयर नेटवर्थ : रु. १२८.८९
४. तरलता अनुपात : ४.८७

प्रति शेयर आम्दानी annualized गरिएको ।

### २. व्यवस्थापकीय विश्लेषण तथा थप कार्ययोजनाहरु :

क. कम्पनीको Malt Distillation Unit बाट Malt Spirit उत्पादन दोस्रो त्रैमासिक अवधि देखि नै शुरु भएको छ । हाल सम्म यस युनिटवाट आजका मिति सम्म २०,९१२ लिटर उत्पादन भई सकेको र उत्पादन भएको मध्ये १२,००० लिटर माल्ट स्प्रिट अन्य उद्योगहरुलाई बिक्री गरेका छौं । यसवाट कम्पनीको आम्दानी र मुनाफा बृद्धिमा समेत टेवा पुग्नेछ भन्ने विश्वास लिएका छौं ।

ख. कम्पनीको नयाँ परियोजनाको रुपमा Zero Liquid Discharge कार्य समाप्त भएको छ । यसै त्रैमासिक अवधिमा उक्त परियोजनावाट उद्योगले By-Product को रुपमा उत्पादन गरी रहेको Sludge लाई जनावर तथा पशु, पंक्षी, माछा आदिको दाना (Dry Cake) मा परिणत गरी उत्पादन सुरु गरिएको छ । यसवाट उद्योगको वातावरणीय सूचक (Index) मा सुधार हुने र उत्पादित Dry Cake बिक्रीबाट आम्दानी बढ्ने विश्वास लिइएको छ । स्प्रिट उत्पादनको लागि Plant Automation को कार्य समाप्त भई गुणस्तरीय ENA स्प्रिटको उत्पादन शुरु गरिएको छ । यसवाट स्प्रिटको उत्पादन लागत कम हुने र उत्पादित ENA को गुणस्तर र Quality मा पनि एकरुपता रहन्छ भन्ने कम्पनी विश्वस्त छ ।

ग. कम्पनीको उत्पादन Golden Oak ले वजारमा उच्च प्रतिस्पर्धाको सामना गर्दै आएको भएता पनि उपभोक्ताको रोजाईले निरन्तरता पाएको कम्पनीले महशुस गरेको छ । जुन कुरा यसको बिक्री परिमाणवाट देखिएको छ । त्यस्तै गरी कम्पनीको अर्को उत्पादन Black Oak नि उपभोक्ताको रोजाईमा परेको छ । यस व्राण्डको बिक्री गत वर्षको यसै अवधिको भन्दा ७३ प्रतिशतले वृद्धि भएको छ । कम्पनीले पछिल्लो समयमा White Segment मा ल्याइएको Silver Oak व्राण्ड प्रति पनि उपभोक्ताको सकारात्मक प्रतिकृया देखा परेको छ । जसको कारण गत वर्षको यसै अवधिको भन्दा बिक्री परिमाण बढ्न गएको छ । गत वर्षको यसै अवधिको बिक्री आम्दानी र यस वर्षको बिक्री आम्दानीलाई समग्र रुपमा हेर्दा कम्पनीले २५१ प्रतिशतले बढि नाफा आर्जन गर्न सफल भएको छ ।

घ. कम्पनीको उद्धेश्य अनुसारको कार्यलाई निरन्तरता दिनका लागि कम्पनीको कारखानावाट उत्पादन भई रहेका माल्ट स्प्रीट र ईएन.ए.लाई कारखाना वाहिर विभिन्न तापमान भएको क्षेत्रमा म्याचुरेशन गर्ने योजना मुताविक कम्पनीले तदारुकताका म्याचुरेशन सेन्टर वनाउने कार्य गरि रहेको छ ।

घ. उपभोक्ताको चाहानालाई ध्यानमा राखी उत्पादनमा विविधता ल्याउनका लागि उच्चकोटीको मदिरा एवं आवश्यकता अनुसार अन्य उत्पादनहरुका लागि खोज र अनुसन्धानको कार्य भई रहेको छ ।

घ. कम्पनीमा रहेको संचित रकमलाई उपयुक्त क्षेत्रमा लगानी गरी कम्पनीका शेयरधनीहरुलाई मुनाफा वढि वितरण गर्न सकियोस् भनी लगानी सम्वन्धि नीति संचालक समितिबाट पारित गराई लगानी गर्ने उपयुक्त क्षेत्रहरुको खोजी गरी रहेका छौं ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाडौंमा केहि व्यक्तिले नियुक्ती पाऊँ भनी कीर्ते जालसाजी कागज बनाई मुद्धा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आंसीक वादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास बिरगञ्जमा पुनरावेदन गरेकोमा सम्मानित उच्च अदालत, जनकपुर अस्थायी ईजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आए उपर चित्त नबुझि कम्पनीले सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषण लगायतको आदेश जारी गरी पाउन रिट मार्फत् निवेदन गरेकोमा श्रम अदालतको फैसलालाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको र यस त्रैमासिक अवधिमा समेत उक्त मुद्धा विचाराधिन अवस्थामा रहेको छ ।

ख. आ.व.२०६१/०६२ को अवधिको मु.अ.कर, अन्तः शुल्क र आयकर सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट फैसलाको लिखित प्रति प्राप्त भएको छ । अन्तः शुल्क सम्वन्धमा यस कम्पनीको माग बमोजिम नै फैसला प्राप्त भएकोले कम्पनीले दाखिला गरेको अन्तः शुल्क, जरिवाना आदि रकम मिलानका लागि सम्वन्धित कार्यलयमा निवेदन समेत दर्ता गराई सकिएको छ । अन्य मु.अ.कर र आयकरको हकमा केहि विषयमा कम्पनीको माग बमोजिम र केही विषयमा विरुद्धमा फैसला प्राप्त भएकाले माग विरुद्धका विषयमा न्यायिक पुनरावलोकनका लागि निवेदन दर्ता गरिएकोमा सो निवेदन उपर कारवाहि हुँदा निवेदन उपर दरपिट भएको र उक्त दरपिट उपर सुनवाई नहुने गरी अन्तिम भएकोले सम्मानित सर्वोच्च अदालतको फैसला वमोजिमको दायित्व यकिन गरी फरछ्यौंट गर्ने क्रममा रहेका छौं ।

ग. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२।०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएको छ । प्रस्तुत विषयमा हाल सम्म पनि निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

घ. कम्पनीको आ.व.२०७४/०७५ को आय विवरण उपर आयकर ऐन, २०५८ को दफा १०२ वमोजिम कर निर्धारण गरी संसोधित कर निर्धारण आदेशहरु प्राप्त भएकोमा सो निर्धारण आदेशवाट लगाएको सोही ऐनको दफा ११७ वमोजिमको शुल्क, दफा ११८ वमोजिमको व्याज र दफा १२० वमोजिमको शुल्क उपर चित्त नवुझि आयकर ऐन,२०५८ को दफा ११५ वमोजिम प्रशासकीय पुनरावलोकन गरेकोमा सो समेत हाल सम्म निर्णय प्राप्त भएको छैन ।

ङ. सर्लाही जिल्ला अर्नाहा वडा नं.२ वस्ने सुभाष शाहले सूचनाको हक सम्वन्धि ऐन, २०६४ वमोजिम माग गरिएको सूचना उपलब्ध नगराई जिम्मेवारीवाट पन्छिन खोजेकोले कानुन वमोजिम कारवाहि गरी सूचना उपलब्ध गराई पाऊँ भनी पुनरावेदन दिएकोमा सो पुनरावेदन उपर यस कम्पनीले लिखित जवाफ राष्ट्रिय सूचना आयोगमा पेश गरि सकेकोमा सो उपर हाल सम्म कुनै सुनवाई भएको जानकारी प्रस्तुत अवधिमा प्राप्त भएको छैन ।

च. यस उद्योगमा कार्यरत दुई श्रमिकहरुले मदिरा सेवन गरी कार्यस्थलमा उपस्थित भएको विषयमा नियमानुसार अनुशासन सम्वन्धि कारवाहि गरी सेवाबाट हटाईएकोमा निजहरुको पुनरावेदन सम्मानित श्रम अदालत, काठमाडौंमा परेको विषयमा निजलाई सेवाबाट हटाउने गरी कम्पनीवाट भएको निर्णयलाई सदर गरी तीन महिनाको पारिश्रमिक क्षतिपुर्ति उपलब्ध गराई दिने गरी निर्णय भएको पूर्णपाठ प्राप्त भएको छ । निर्णय वमोजिमको भुक्तानीका लागि कम्पनी समक्ष सम्वन्धित श्रमिकको दावी हाल सम्म प्राप्त भएको छैन ।

छ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

### ४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस तेस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ ।

(श्रोतः www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम् मूल्य | रु. १४००.०० |
| न्यूनतम् मूल्य | रु. ११३६.०० |
| अन्तिम मूल्य | रु. ११९५.४८ |
| कारोबार दिन | ५६ |

### ५. समस्या तथा चुनौति :

यस अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. देशको आर्थिक क्रियाकलाप चलायमानको अवस्थामा अझै सोचे जस्तो गुणात्मक प्रगति हुन सकेको छैन । देशको समग्र आर्थिक गतिविधिलाई चलायमान भएमा कम्पनीको उत्पादनको बिक्री वितरणमा वृद्धि हुने गर्दछ । मदिरा उद्योगले आफनो उत्पादनको वारेमा उपभोक्तालाई कुनै पनि माध्यमद्धारा जानकारी दिन नपाउदा उत्पादित वस्तुको जानकारी आम उपभोगता समुहमा पुग्न सकेको छैन । जसको कारण मदिराको बिक्री वितरणमा प्रभाव पर्न गएको छ । मदिरा उपभोग गर्ने जन समुदायहरु उच्चदरमा वर्हिगमनले पनि मदिराको बिक्री वितरणलाई प्रभाव परेको छ । आयातित मदिरा, कच्चा पदार्थहरुको मुल्य वृद्धि, सिमित बजार, मदिराको उत्पादनमा उच्च प्रतिस्पर्धा जस्ता विविध कारणहरु कम्पनीको व्यापार विस्तारमा चुनौतीको रुपमा रहेको कम्पनीले महसुस गरेको छ ।

ख. मदिरा बिक्री वितरणको क्रममा हुने वास्तविक आय आर्जन वढाउने कार्यमा भएको खर्चलाई अमान्य हुने गरी कर परीक्षण गर्ने कार्य हुने गरेकोले उद्योगहरु करको दोहोरो मारमा परेका छन । उद्योगवाट उत्पादन भएका वस्तुहरु बिक्री वितरणको क्रममा भएको विविध वास्तविक खर्चहरुलाई खर्चलाई अमान्य गर्दा उद्योगहरु धारासायी हुने अवस्था रहेको छ ।

ग. वजारमा वर्षौ देखि लगानी गरेर स्थापित भएका र उपभोगताको रोजाईमा पर्न सफल भएका कम्पनीका Golden Oak र Black Oak ब्राण्डलाई उपभोक्ता भ्रममा सृजना गरी आफूलाई आर्थिक फाईदा लिने उद्धेश्यले केहि उद्योगहरुले यस कम्पनीको जस्तै लेवल, प्लाष्टिकको वोतल प्रयोग गरी कम शक्ति र कम गुणस्तरमा मदिरा उत्पादन गर्ने, यस कम्पनीको वोतल प्रयोग गर्ने कार्य गरेवाट कम्पनीको बिक्रीमा प्रभाव पर्न गएको छ। यस्ता क्रियाकलाप विरुद्धमा सम्वन्धित निकायमा उजुरी दिने गरिएको भएता पनि त्यसको कार्यन्वयन हुन समय लाग्ने हुँदा थप चुनौती कम्पनीले सामाना गर्नु परेको छ ।

घ. घरेलु मदिरालाई व्राण्डिङ्ग गर्ने नाममा स्थानिय घरेलु मदिराहरु वजारमा बिक्री वितरणमा आउदा ठुलो लगानी गरी व्यवस्थीत एवं मर्यादित व्यवसाय गरी रहेका उद्योगहरु धारासायी हुने र नेपाल सरकारको राजश्व समेत गुम्न जाने छ भने अर्कातिर यस्ता घरेलु ब्राण्डिङका नाममा हुने कारोवारलाई करको दायरामा ल्याउने कार्य समेतको चुनौती रहेको छ ।

### ६. संस्थागत सुशासन :

अघिल्ला त्रैमासिक अवधिमा जस्तै कम्पनीले स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, आन्तरिक रुपमा उद्योगको उत्पादन, बिक्री विरतणको परिमाण, मौज्दात सामानहरु लगायत कच्चा पदार्थहरुको निरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको कोटेशन माग गर्ने, मुल्य र सामानको गुणस्तर आदिको अध्ययन, अनुशन्धान, परीक्षण गरेर मात्र खरिद गर्ने, उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य र संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यलाई निरन्तरता दिएको, उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने गरिएको साथै सके सम्म गुणस्तरलाई ध्यानमा राखी खरिद गर्ने वस्तुको मूल्यलाई व्यवस्थित गर्दै आएका छौं । उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी स्थानीय निकायको समन्वयमा विभिन्न शिर्षक अन्तर्गत छुट्याईएको रकमबाट ऐन, नियमले निर्देशन गरेका शिर्षकमा अधिकतम् कार्य गरी जिम्मेवारी वहन गर्ने कोसिस समेत गरी रहेका छौं ।

### ७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदन अवधिको उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि सम्पूर्ण आर्थिक विवरण तथा जानकारीहरु पारदर्शी हुने गरी यस प्रतिवेदनमा प्रकाशन गरिएको यहाँहरु समक्ष जानकारी गराउँदछु । साथै यस कम्पनीले चालेका कदममा प्रत्यक्ष रुपमा यस व्यवसाय संग सम्वन्धित पक्षहरु, लगानीकर्ताहरु तथा यस कम्पनीका शुभ चिन्तकहरुवाट समेत प्रत्यक्ष, अप्रत्यक्ष रुपमा व्यवसाय वृद्धिका कार्यमा उपयुक्त राय, सुझाव एवं सहयोगको अपेक्षा गरेको छु ।

### Unaudited Statement of Financial Position for the Quarter Ended on 31st Chaitra 2081

| Particulars | This Quarter End (Rs.) | Previous Quarter End (Rs.) | Corresponding Previous Year Quarter End (Rs.) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| A) Property, Plant and Equipment | 752,279,316 | 578,114,299 | 445,153,301 |
| b) Capital Work-in-progress | 183,850,064 | 263,651,599 | 112,008,600 |
| C) Intangible Assets | 1,249,475 | 990,991 | 825,201 |
| D) Right to Use Assets | 24,006,931 | 12,475,127 | 14,329,153 |
| e) Investments | 111,100,000 | 111,100,000 | 101,100,000 |
| f) Other Non-current Assets | 40,553,093 | 43,403,343 | 116,637,226 |
| **Total Non-Current Assets** | **1,113,038,879** | **1,009,735,359** | **790,053,481** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 577,037,886 | 513,393,961 | 506,656,282 |
| b) Financial Assets | - | - | - |
| Trade Receivables | 35,413,359 | 23,481,060 | 842,682,898 |
| Cash and Cash Equivalents | 1,841,506,606 | 1,520,288,899 | 548,898,335 |
| Other Bank Balances | 1,100,000,000 | 1,100,000,000 | 900,000,000 |
| Other Financial Assets | 9,421,027 | 8,505,890 | 11,634,025 |
| c) Other Current Assets | 89,806,586 | 152,483,178 | 161,293,274 |
| **Total Current Assets** | **3,653,185,463** | **3,318,152,988** | **2,971,164,813** |
| **TOTAL ASSETS** | **4,766,224,342** | **4,327,888,347** | **3,761,218,294** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share Capital | 3,073,401,813 | 3,073,401,813 | 2,672,523,315 |
| b) Other Equity | | | |
| Reserves and Surplus | 887,631,127 | 553,308,939 | 528,261,588 |
| **Total Equity** | **3,961,032,940** | **3,626,710,752** | **3,200,784,903** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | - | - |
| Lease Payables | 23,733,813 | 12,579,953 | 13,788,887 |
| b) Deferred Tax Liabilities | 30,015,328 | 28,872,516 | 29,040,443 |
| **Total Non-Current Liabilities** | **53,749,141** | **41,452,469** | **42,829,330** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | - | - |
| Trade Payables | 302,880,522 | 173,461,941 | 214,291,329 |
| Other Financial Liabilities | 186,662,317 | 227,151,276 | 216,543,112 |
| Lease Payables | 2,043,827 | 1,253,599 | 1,429,136 |
| b) Other Current Liabilities | 225,586,670 | 232,167,085 | 85,340,484 |
| c) Current Tax Liabilities (Net) | 34,268,925 | 25,691,225 | - |
| **Total Current Liabilities** | **751,442,261** | **659,725,126** | **517,604,061** |
| **TOTAL EQUITY AND LIABILITIES** | **4,766,224,342** | **4,327,888,347** | **3,761,218,294** |

### Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 31st Chaitra 2081

| Particulars | Upto This Quarter (Rs.) | Upto Previous Quarter (Rs.) | Upto Corresponding Previous Year Quarter (Rs.) |
|---|---|---|---|
| Gross Revenue from Operations | 5,358,392,726 | 3,032,232,780 | 2,744,113,235 |
| Less: Excise Duties | 2,573,301,585 | 1,522,211,440 | 1,338,670,183 |
| Net Sales Revenue | 2,785,091,141 | 1,510,021,340 | 1,405,443,052 |
| Less: Cost of Goods Sold | 997,004,576 | 508,589,092 | 504,213,559 |
| Less: Manufacturing Expenses | 157,492,547 | 89,997,011 | 86,441,952 |
| **Gross Profit** | **1,630,594,018** | **911,435,237** | **814,787,541** |
| Employee Benefit Expenses | 228,219,235 | 137,793,807 | 130,211,246 |
| Administration and Other Expenses | 74,867,798 | 44,243,494 | 50,168,388 |
| Selling and Distribution Expenses | 340,750,971 | 194,841,099 | 347,844,635 |
| **Operating Profit** | **986,756,014** | **534,556,837** | **286,563,272** |
| Non Operating Income | 54,090,827 | 38,305,087 | 37,070,598 |
| Depreciation and Amortisation | 46,581,587 | 28,552,365 | 38,265,017 |
| Finance Costs | 1,284,323 | 655,600 | 1,076,502 |
| **Profit Before Tax** | **992,980,931** | **543,653,959** | **284,292,351** |
| Income Tax Expenses | 253,739,372 | 138,734,586 | 73,876,264 |
| **Profit for The Year** | **739,241,559** | **404,919,373** | **210,416,087** |
| **Other Comprehensive Income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other Comprehensive Income** | - | - | - |
| **Total comprehensive income for the year** | **739,241,559** | **404,919,373** | **210,416,087** |
| **Earning per equity share (face value of Rs. 100 each)** | | | |
| Basic EPS* | 32.08 | 26.35 | 9.13 |
| Diluted EPS* | 32.08 | 26.35 | 9.13 |

### Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 37.28 | 43.88 | 163.01 |
| Net Worth Per Share | 128.89 | 118.01 | 119.77 |
| Liquidity Ratio | 4.87 | 5.03 | 5.75 |

**Notes:**

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
- EPS has been annualized wherever necessary
- Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares

## भूलसुधारः

मिति २०८२ बैशाख २९ गते आर्थिक अभियान राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित यस कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को तेस्रो त्रैमासिक अवधिको प्रतिवेदनमा तेस्रो त्रैमासिक अवधि सम्मको अन्तःशुल्क रकम रु. **2,573,301,585** र **Gross Revenue from operation** रु. **5,35,83,92,726** हुनुपर्नेमा अन्यथा हुन गएकोले सो सच्याईएको व्यहोरा जानकारी गराउँदछौं ।

**हिमालयन डिष्टिलरी लिमिटेड**, विरगञ्ज महानगरपालिका वडा नं. – २१, लिपनि विर्ता, पर्सा, नेपाल